**"Important school information.  Please have someone translate."**

SPANISH - Informacion importante de la escuela -- por favor que alguien traduzca.
NEPALI - स्कुलको महत्वपुर्ण जानकारी हो- कृपया कसैलाई अनुवाद गर्न लगाउनुहोस्
SOMALI - Akhbaar muhiim ah oo ka socdaa dugsiga. Fadlan qof haa ku turjumo.

# वेस्टरभिल सिटी स्कूलहरू भर्चुअल एकेडेमी ग्रेड के-१२(K-12) को लागी उपलब्ध छ कार्यक्रम विवरण स्कूल वर्ष 2020/2021

जिल्लाको रूपमा, हामी सचेत छौं कि कोभिड-१९ महामारीले केहि परिवारहरूलाई वैकल्पिक शैक्षिक प्रणाली खोज्न प्रेरित गर्न सक्छ। वेस्टरभिल सिटी स्कूल डिस्ट्रिक्ट बोर्ड अफ एजुकेशनको निर्देशनमा, हामी वेस्टरभिल भर्चुअल एकेडेमी (WVA, Westerville Virtual Academy) लाई अभिभावक र विद्यार्थीहरूको लागि पूर्ण दूरशिक्षा विकल्पको रूपमा प्रस्ताव गर्न पाउँदा खुसी छौं।

## यसले कसरी काम गर्दछ

एकेडेमीले अनलाइन शिक्षा प्लेटफर्महरू प्रस्तुत गर्दछ, जहाँ भर्चुअल कक्षाकोठामा शिक्षकसंग लगातार काम गर्नुको सट्टा विद्यार्थीहरूले आफ्ना पाठ्यक्रमहरू पहुँच गरि पूरा गर्छन्। वेस्टरभिलका शिक्षकहरूले दूरशिक्षा प्रणाली मार्फत विद्यार्थीको प्रगति निगरानीमा राख्नेछन्, प्रश्नहरूको उत्तर दिनको लागि उपलब्ध हुनेछन्, र विद्यार्थीको मूल्यांकन गर्नेछन्।

एकेडेमीको एक हिस्साको रूपमा, सहभागी विद्यार्थीहरु:

- रेकर्ड राख्ने र रिपोर्टिंगगर्ने विद्यार्थीको लागी आफू सहभागी गृह विद्यालयमा रहनेछन् ।
- तोकिएको स्थानमा वितरण गरिएको खाना र खाद्यान्न सेवाहरूको लागि सहभागी हुने अवसर मिल्नेछ ।
- उनीहरूले गृह स्कूलमा अतिरिक्त क्रियाकलापहरूमा भाग लिन सक्नेछन्।
- शैक्षिक वर्ष भरिमा पाठन सामग्री पूरा गरेको र निपुणताको आधारमा ग्रेड प्राप्तगर्न सक्नेछन्। प्रगति विद्यार्थीहरू नियमित तालिकाबद्ध मूल्यांकन अवधिमा जानकारी दिइनेछ।

## एकेडेमी छनौट गर्ने परिवारहरू 2020/2021 स्कूल वर्षको कम्तिमा पहिलो सेमेस्टरको लागि भर्चुअल प्लेटफर्मको लागि प्रतिबद्ध हुनुपर्नेछ।

अनलाइन स्कूलमा भाग लिनु परम्परागत कक्षाकोठामा जत्तिकै महत्त्वपूर्ण छ। "उपस्थित" हुनको लागि, विद्यार्थीले पर्याप्त साप्ताहिक प्रगति गरेको हुनुपर्छ। केवल लग-ईन गरेर मात्र पर्याप्त छैन। विद्यार्थीहरू हरेक दिन ठीक एउटै समयमा लग-ईन गर्नु आवश्यक पर्दैन।  स्कूलको काम पूरा गर्नका लागि विद्यार्थी र अभिभावकहरूले आपसी समझदारीमा दैनिक नियमित समय विकास गर्न सिफारिश गरिन्छ। साप्ताहिक प्रगति जाँचहरूबारे जानकारी अभिभावक र सहभागी विद्यार्थीलाई डिजिटल प्लेटफर्ममा प्रदान गरिनेछ।

## महत्वपूर्ण मितिहरू

<u>बिहीबार, जुलाई 23</u>

- कार्यक्रम जानकारी र अनलाइन दर्ता लिंक सबै डब्ल्यु. सी. एस. अभिभावकहरुलाई ई-मेल गर्ने
- कार्यक्रम जानकारी र दर्ता फारमको प्रतिलिपि सबै अभिभावकहरुलाई पठाउने (अनलाइन दर्ता पूरा गर्न असमर्थहरूका लागि)

<u>बुधबार, जुलाई 29</u>

- अभिभावकहरूले अनलाइन एकेडेमीको लागि बच्चा(हरु) दर्ता गर्नको लागि अन्तिम दिन

अगस्त 17-31

- अभिभावक/विद्यार्थीको नियुक्त शिक्षकको साथ प्रारम्भिक भर्चुअल बैठक

मंगलबार, सेप्टेम्बर 1

- विद्यार्थी निर्देशन के-१२(K-12) को लागी सुरू मिति

## विद्यार्थीहरूको लागि सहयोगी सेवाहरू

वेस्टरभिलका शिक्षकहरूको साथसाथै, स्कूलका परामर्शदाताहरू र सम्बन्धित सेवा सहयोगी कर्मचारीहरू(अर्थात् प्रतिभाशाली र अंग्रेजी भाषा सिकारु सहजकर्ता/कर्मचारी) ले आवश्यकता अनुसार मार्गदर्शन र सीधा सहयोग प्रदान जारी राख्नेछन्।

आई.ई.पी.मा रहेका विद्यार्थीहरूका लागि, हस्तक्षेप विशेषज्ञहरू, सम्बन्धित सेवा स्टाफहरू, र केस प्रबन्धकहरूले उनीहरूसँगै विशेष रूपमा डिजाइन गरिएको निर्देशन, साथै आई.ई.पी. ले निर्धारण गरे अनुसार विद्यार्थीहरूको व्यक्तिगत आवश्यकताको आधारमा समायोजन र परिमार्जनगर्न काम गर्नेछन् । 504एस मा रहेका विद्यार्थीहरूलाई सामान्य शिक्षा पाठ्यक्रममा उनीहरूको प्रगतिलाई सहयोगगर्न सबै स्टाफद्वारा सबै स्कूल क्षेत्रमा आवास र संशोधनको प्रबन्ध गरिनेछ।

## पाठ्यक्रम र प्रस्तावहरू

वेस्टरभिल भर्चुअल एकेडेमी (WVA) विद्यार्थीहरूले कक्षामा उपस्थित हुन, शिक्षकहरूसँग विचारहरू र जानकारी आदान-प्रदान गर्न, सामग्री पहुँच गर्न, पढ्न, लेख्न, अनुसन्धान गर्न, प्रश्न-उत्तर गर्न, प्रोजेक्टहरूमा काम गर्न, र जांच-परिक्षा पूरागर्न अनलाइन पाठ्यचर्या संसाधनहरू(K-5 का लागि काल्भर्ट/ एड्जेण्टम र 6-12 को लागि एपेक्स) प्रयोग गर्नेछन्। लागि काल्भर्ट/ एड्जेण्टम  https://tinyurl.com/CalvertInfo वा एपेक्स https://tinyurl.com/ApexLearnInfo नै त्यो ठाउँ हो जसको माध्यम बाट तिमी दैनिक बिद्यालय आउँछौ।

नोट: एपेक्स कोर्स क्याटलग https://tinyurl.com/ApexCourseCatalogue मा सूचीबद्ध पाठ्यक्रमहरू ग्रेड 6-12 का विद्यार्थीहरूको लागि तब उपलब्ध हुन्छन् यदि ती पाठ्यक्रमहरू वेस्टरभिल सिटी स्कूलहरूमा परम्परागत, आमने-सामने, अध्यापन कार्यक्रममा पनि उपलब्ध गरिइन्छ। दुबै शिक्षा प्लेटफर्महरूका सामग्री ओहायोको अध्ययन मानकहरूसंग पंक्तिबद्ध गरिएको छ।

- **प्राथमिक बिद्यालय:** प्राथमिक तहका विद्यार्थीहरु उपयुक्त ग्रेड अनुसार चारवटा मुख्य पाठ्यक्रमहरू (अंग्रेजी, गणित, विज्ञान र समाजिक शिक्षा) मा दाखिला हुनेछन्। त्यसका साथै, उनीहरूलाई तलको लिंकमा देखाइए अनुसार दुई ऐच्छिक बिषयहरू पनि छनौटको लागि उपलब्ध हुनेछ: https://tinyurl.com/WVAElemCourseOverviewByGrade.
- **माध्यमिक विद्यालय:** माध्यमिक विद्यालय(MS, Middle school) तहका विद्यार्थीहरू स्कूल परामर्शदाताको सल्लाहमा आधारित उपयुक्त ग्रेडमा मुख्य पाठ्यक्रमहरू(अंग्रेजी, गणित, विज्ञान र समाजिक शिक्षा) मा भर्ना हुनेछन्। गणित र सामाजिक अध्ययनमा कम्प्याक्ट क्लासहरु लिन अनुसूचित विद्यार्थी एपेक्स मार्फत त्यसो गर्न सक्नेछन् । भर्नाको लागि कृपया दुई ऐच्छिक बिषय छनौट गर्नुहोस्- एक प्रति सेमेस्टर। विद्यार्थीहरूले कूल 1.0 ऐच्छिक पाठ्यक्रम भन्दा बढी लिन सक्दैनन्, र नियुक्त पाठ्यक्रमहरूमा हाई स्कूल(HS, High school) क्रेडिट कमाउन सक्छन्। ऐच्छिक पाठ्यक्रम विवरणहरू प्राप्त गर्नका लागि यहाँ जानुहोस्: https://tinyurl.com/WVACourseElectiveSyllabi
- **हाई स्कूल:** हाई स्कूल(High school) विद्यार्थीहरू स्कूल परामर्शदाताको सल्लाह अनुसार परम्परागत समय तालिका प्रक्रिया मार्फत अनुरोध गरिएको पाठ्यक्रमहरूमा निर्धारित गरिनेछ। ऑनर्स र ए.पी. कक्षाहरू केही पाठ्यक्रमहरूमा उपलब्ध छन्। हामी तपाईंको डब्ल्यु. भि. ए. तालिका तपाईंको पारम्परिक तालिकामा जतिसक्दो चाँडो मिलाउछौँ जहाँ मिल्दैन, एक कर्मचारी सदस्य अन्य विकल्पहरू निर्धारण गर्न तपाईंलाई सम्पर्क गर्नेछ। पाठ्यक्रम विवरणहरू प्राप्त गर्नका लागि यहाँ जानुहोस्: https://www.apexlearningvs.com/course-catalog

  सहभागी विद्यार्थीहरूको लागि कलेज क्रेडिट प्लस कोर्सहरू पनि उपलब्ध छन्।. https://tinyurl.com/WCSCCP

## कार्यक्रम दर्ता लिंक

भर्ना गर्न चाहने परिवारहरूले प्रत्येक बच्चाको लागि अलग-अलग दर्ता गर्नुपर्नेछ। दर्ता बुधवार, जुलाई 29 सम्म मात्र गर्न सकिने छ र त्यो वेबलिंक मार्फत, हुलाक,हस्त-वितरित गरि वा तोकेको ठेगानामा व्यक्तिगत रूपमा उपस्थित भइ तल उल्लेख गरिएको मिति/समयहरूमा पूरा गर्न सकिन्छ।

दर्ता लिंक: **https://tinyurl.com/WVARegistration2020**

हुलाक दर्ता: मंगलबार, जुलाई 28 भित्र हुलाकछाप गरिएको
हस्त-वितरित वा व्यक्ति-उपस्थित दर्ता:

- Academic Enrichment Center, 336 S. Otterbein Ave, Westerville, OH (वेस्टरभिल साउथ एच.एस. बाट पारि)
- मिति/ समय
  - सोमबार, जुलाई 27 बिहान 7:00 देखि दिउँसो 4:00 बजे सम्म
  - मंगलबार, जुलाई 28 बिहान 7:00 देखि दिउँसो 4:00 बजे सम्म
  - बुधवार, जुलाई 29 बिहान 7:00 देखि बेलुकी 8:00 बजे सम्म

**प्रश्नहरू?** ईमेल: wva@wcsoh.org